


# हाम्रो सेवाहरू कसरी प्रयोग गर्ने

rtd-denver.com | 303.299.6000 | customercare@rtd-denver.com

डेनभर महानगर क्षेत्रको सार्वजनिक यातायात प्रदायकको रूपमा, RTD ले बस, रेल, एक्सेस-अ-राइड (अपाङ्ग व्यक्तिहरूका लागि सेवाहरू), फ्लेक्सराइड (FlexRide) जस्ता नेवरवूड शटलहरू, र अन्य माध्यमहरूबाट समुदायहरूलाई एकअर्कासँग जोड्ने गर्छ। RTD लाई तपाईंको यातायात सम्बन्धी आवश्यकताहरूको पूर्तिमा मद्दत गर्न दिनुहोस्!

## सहुलियत भाडा कार्यक्रम

तपाईं र तपाईंको परिवार छूटको लागि योग्य हुन सक्नुहुन्छ। सहुलियत भाडा निम्न व्यक्तिहरूका लागि उपलब्ध हुनेछ:

**कम आय भएका व्यक्तिहरू**

**वरिष्ठहरू**

**अपाङ्गता भएका व्यक्तिहरू**

**युवा (19 वर्ष वा मुनिका)**

rtd-denver.com/discount-fares **मा गएर सहुलियत भाडाको लागि योग्यता र आवेदन गर्ने सम्बन्धमा थप जानकारी लिनुहोस्!**

* १९ वर्ष वा सोभन्दा कम उमेरका युवाहरू 'युवाहरूका लागि शून्य भाडा (Zero Fare for Youth)' कार्यक्रम अन्तर्गत निःशुल्क यात्रा गर्न सक्छन्।

## टिकट र पासहरू कसरी खरिद गर्ने

बस वा रेलको माध्यमबाट यात्रा गर्दा, तपाईंको RTD टिकट र पासहरू किन्न सजिलै छ। आफ्नो आवश्यकताहरू (3-घण्टा, दैनिक वा मासिक) को पूर्ति हुने किसिमले भाडा रोज्नुहोस्, त्यसपछि तपाईं यात्राको लागि तयार हुनुहुन्छ।

**टिकट र पासहरू कहाँबाट किन्नु**

- सबै रेल स्टेशनहरूमा राखिएका टिकट भेन्डिङ मेसिनहरूबाट
- बस सञ्चालकबाट (यदि नगद प्रयोग गरेमा, ठिक्क रकम तिर्नुहोस्)
- rtdonlinestore.com बाट
- RTD बिक्री केन्द्रहरूबाट
- सहभागी किंग सूपर्स र सेफवे स्टोरहरूबाट




**तपाईंको स्मार्टफोनमा RTD**

तपाईंको टिकट किन्नलाई सजिलो ठाउँ भनेको तपाईंको स्मार्टफोन हो। IOS वा Android का लागि **RTD MyRide** एप डाउनलोड गर्न दायाँतिर रहेको QR कोड स्क्यान गर्नुहोस्।

**rtd-denver.com मा गएर RTD सेवाहरूको खोजी गर्नुहोस्, आफ्नो यात्राको योजना बनाउनुहोस्, र अन्य धेरै कुराहरू गर्नुहोस्।**

## आफ्नो यात्राको योजना बनाउनुहोस्

आफ्नो यात्राको सुरुदेखि अन्त्यसम्मको योजना बनाउन, आफ्नो बस वा ट्रेन कहाँ पुग्यो भनेर हेर्न, वा वास्तविक समयमा ढिलाई वा रद्द भएको जाँच गर्न RTD नेक्स्ट राइड (Next Ride) टूल (app.rtd-denver.com/nextride) को प्रयोग गर्नुहोस्।

## बस चड्नुहोस्

**उपयोगी सुझावहरू**

- आफ्नो स्टपमा चाँडै आइपुग्नुहोस्।
- बस आइपुगेपछि, बसको अगाडि माथिल्लो भागमा देखिने डिजिटल संकेतमा हेर्नुहोस् र तपाईंलाई चाहिएको मार्ग र गन्तव्य यही हो भनेर सुनिश्चित गर्नुहोस्!
- बसमा चढ्नुहोस् र सटीक खुद्रा रकम दिएर, वा वैध टिकट, पास, माइ राइड (MyRide) कार्ड वा मोबाइल टिकटको माध्यमबाट आफ्नो भाडा तिर्नुहोस्।
- यदि माइ राइड कार्ड वा मोबाइल टिकटको प्रयोग गर्ने हो भने, यसलाई भ्यालिडेटरमा स्क्यान गर्नुहोस्।
- तपाईं आफ्नो गन्तव्य स्थलमा पुगेपछि, रोक्नका लागि पहेंलो डोरी तान्नुहोस्, वा बटन थिच्नुहोस्।
- सम्भव भएसम्म पछाडिको ढोकाबाट ओर्लनुहोस्।




## रेल चड्नुहोस्

**उपयोगी सुझावहरू**

- स्टेशनमा पुग्नुहोस्। अर्को ट्रेनको लागि डिजिटल संकेतमा वा नेक्स्ट राइडमा हेर्नुहोस्।
- टिकट भेन्डिङ मेसिनबाट टिकट वा  पास किन्नुहोस्, वा चढ्नु अघि आफ्नो मोबाइल टिकट वा पास तयार राख्नुहोस्।
- तपाईंको मुद्रित टिकटलाई रातो "V" मेसिनमा भ्यालिडेट गर्नुहोस्, माइ राइड कार्डलाई कालो र चाँदी रङ्गको भ्यालिडेटरमा भ्यालिडेट गर्नुहोस्, वा आफ्नो मोबाइल टिकट एक्टिभेट गर्नुहोस्। तपाईंले टिकट भेन्डिङ मेसिनबाट खरिद गरीएका टिकटहरू भ्यालिडेट गर्नु पर्दैन।
- पहेंलो रेखाको पछाडि उभिएर रेलको प्रतीक्षा गर्नुहोस्।
- आफ्नो गन्तव्यमा पुग्न लागेको थाहा पाउनलाई डिजिटल संकेतमा हेर्नुहोस् वा घोषणा सुन्नुहोस्।




## बस र रेलमा सुरक्षित रहनुहोस्




केही देख्नुभयो भने, केही भन्नुहोस्। RTD प्रणालीमा वा वरपरको सुरक्षा सम्बन्धी समस्याहरूबारे सूचना दिन RTD **ट्रान्जिट वाच** एप डाउनलोड गर्न बायाँ तरिको QR कोड स्क्यान गर्नुहोस्। तपाईंले सुरक्षा सम्बन्धी समस्याहरूबारे सूचना दिन 303.299.2911 मा कल गर्न वा 303.424.9100 सन्देश पठाउन पनि सक्नुहुन्छ। थप जानकारीको लागि rtd-denver.com/transitwatch मा जानुहोस्।

## मद्दत र भाषा सहायता

RTD सम्बन्धी कुनैपनि प्रश्न भएमा ग्राहक सेवालाई 303.299.6000 मा कल गर्नुहोस्। 200 भन्दा बढी भाषाहरूमा दोभाषे सेवा निःशुल्क उपलब्ध छ। स्पेनिशका लागि 2 थिच्नुहोस्। अन्य सबै भाषाहरूका लागि 8 थिच्नुहोस्। त्यसपछि, तपाईं कुन भाषा बोल्नुहुन्छ भनेर एजेन्टलाई भन्नुहोस् र उनीहरूले तपाईंलाई दोभाषेसँग जोड्दासम्म फोनमा होल्डमै रहनुहोस्।

**rtd-denver.com मा गएर RTD सेवाहरूको खोजी गर्नुहोस्, आफ्नो यात्राको योजना बनाउनुहोस्, र अन्य धेरै कुराहरू गर्नुहोस्।**